# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, माघ १६ गते २०३१ साल [अतिरिक्ताङ्क ४३

### श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड २४, मिति ०३१।७।१९ संख्या २९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको व्यापारिक फर्महरूले आफूले कमाएको बिदेशी मुद्रामध्येबाट पाउँने बोनस अन्तर्गत पैठारी इजाजत दिनेसम्बन्धी आदेशमा देहायबमोजिम संशोधन गर्ने गरी यो आदेश जारी गरेको छ।

दफा २ को खण्ड (क) मा "सूती धागो" भन्ने शब्दहरूपछि रहेको "माल" भन्ने शब्दलाई हटाई "बस, ट्रक र जीपको टायर, ट्यूब, फ्लैप्स र पार्ट पूर्जा र कागजहरू" भन्ने शब्दहरू थपिएको छ।

दफा २ को खण्ड (ख) को "सूती कपडा" भन्ने शब्दहरूपछि रहेको "माल" भन्ने शब्दलाई हटाई "लगायत सबै प्रकारको कपडाहरू" भन्ने शब्दहरू थपिएको छ।

आज्ञाले–

शिवनारायण दास

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।